नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(..............अनुमतिपत्र महाशाखा..................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७५ ०७६
चलानी नं. 680

मितिः २०७५ ०८ ०५

**विषयः-** मध्य कालिगण्डकी विद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री हाइड्रो सपोर्ट प्रा. लि.
आइ एम ई कम्प्लेक्स, पानी पोखरी, काठमाण्डौ, नेपाल ।
पो.ब.नं. ०१-४४३०६००
फयाक्स: ०१-४४२५८००

प्रस्तुत बिषयमा कालिगण्डकी नदीमा पहिचान भएको मध्य कालिगण्डकी जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुंदा तपसिल बमोजिमका कागजात विवरणहरु अपुग देखिएकाले अपुग कागजातहरु ३५ दिनको समयावधि भित्र पेश गर्नहुन विभागको मिति २०७५.०७.२९ को निर्णयानुसार जानकारी गराइन्छ ।

तपसिल (नपुग तथा पेश गर्नुपर्ने कागजात विवरणहरु) :

१. कंपनीको पुजी वृद्धी भएकोले सोही बमोजिमको अद्यावधिक शेयर लगत अभिलेख र सोको soft copy (scanned वा image file मान्य नहुने)
२. उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) ।
३. बहाल रहेको विद्युत खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट ।
४. आयोजनाको विकास गर्न प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने सम्बन्धमा कुनै स्वदेशी वा बिदेशी कम्पनीसङ्ग भएको सम्झौताको Notarized प्रति (जस्तै: MOU वा JV Agreement) तथा प्रवर्द्धक र नया कम्पनीको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth (सि.ए. सम्बन्धीत विवरण सहित) तथा तल उल्लेखित विवरण

* MOU वा JV Agreement गर्ने नया कम्पनीको हकमा सो कम्पनी जुन मुलुकमा दर्ता भएको हो सोको आधिकारिक रुपमा पुष्टी हुने कागजात विवरण ।

५. यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीकोलागि सहभागि भइ सकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Networth पेश गर्नुपर्ने

नोट : यसअघि लगानी गरिसकेको आयोजना सञ्चालनमा आइसकेको खण्डमा भने सो आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु नपर्ने,यस्तो अवस्थामा सञ्चालनमा आएको आयोजनाबारे जानकारी गराउनु पर्ने ।

६. आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसंगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धताको प्रमाणित प्रतिलिपि ।

(आस्था भट्ट)
ईन्जिनियर

बोधार्थ: श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।